कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# स्नो रिभर्स लिमिटेड
# Snow Rivers Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४५४२७८२
इमेल: info@snowrivers.com.np वेबसाइट: www.snowrivers.com.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

स्नो रिभर्स लिमिटेडले आफ्नो जारी पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपि त्रियानब्बे करोड पचहत्तर लाख मात्र) को २०% अर्थात् रु.१८,७५,००,०००/- (अक्षरेपि अठार करोड पचहत्तर लाख मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ समेतको अधिनमा रही १०% अर्थात् रु.९,३७,५०,०००/- (अक्षरेपि नौ करोड सैंतीस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर (जसमध्ये आयोजना अति प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्गा गाउँपालिकाको वडा नं. ८ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरीजङ्गा गाउँपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ७, सिदिङ्वा गाउँपालिकाको वडा नं. ५ र ६, पाथिभरा याङवारक गाउँपालिकाको वडा नं. ५ र ६ र पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिकाको वडा नं. १ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर) मिति २०८२ चैत्र ९ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ चैत्र २३ गते बैंकिङ्ग समय पश्चात्** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ चैत्र २३ गते बैंकिङ्ग समय पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, संकलन केन्द्रहरु, नियमन निकायहरु तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १०,००० कित्ता |
|---|---|

**दरखास्तसाथ प्रति शेयर रु.१००/– का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

**संस्थापक/संचालक तथा कर्मचारीहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।**

### संक्षिप्त वित्तीय विवरण

| विवरण | वास्तविक | | | *२०८२/२०८३ पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.५९ | १००.८७ | १०५.०६ | १०७.४६ | १०७.१४ | ११६.६० | १२८.२६ |
| प्रति शेयर आम्दानी (रु.) | ०.४२ | ०.७५ | ४.९८ | ४.९८ | ७.०० | ९.४६ | ११.६५ |
| संचित नाफा (नोक्सान) रु. हजारमा | २,२१९ | ५,६२४ | ३७,९२२ | ५५,९७८ | ६६,९८२ | १,५५,६५९ | २,६४,८९५ |

*नोट : * गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो ।*

### प्रति मेगावाट लागत सम्बन्धी विवरण:

स्नो रिभर्स लिमिटेडद्वारा प्रवर्द्धित "सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.)" को निर्माण अवधिको ब्याज (IDC) सहित प्रति मेगावाट लागत रु.२०,१४,१४,०००/- (अक्षरेपि बीस करोड चौध लाख चौध हजार मात्र) तथा कुल लागत रु.२,७१,९०,८५,०००/- (अक्षरेपि दुई अर्ब एकहत्तर करोड नब्बे लाख पचासी हजार मात्र) रहेको छ ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि तथा हस्तान्तरण सम्बन्धी विवरण:

यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७८/०७/१२ गते देखि मिति २११३/०७/११ गते सम्म रहेकोले हाल ३१ वर्ष २ महिना बाँकी रहेको छ । साथै, विद्यमान व्यवस्था बमोजिम मिति २११३/०७/१२ गते पश्चात् यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ ।

### परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ८.१७ वर्ष र
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.७७ वर्ष रहेको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था वमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR] BB+ [Pronounced as ICRA NP Issuer Rating Double B Plus]" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB+" ले Moderate risk of default regarding timely servicing of financial obligations बुझाउँछ । यो मिति २०८२/०६/३१ गते सोहि रेटिङ्ग एजेन्सीबाट अद्यावधिक (Upgraded) भएको हो । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ नं. ४१ मा उल्लेख गरिएको छ ।**

**रेटिङ्ग प्रदान गरेको मिति : अक्टोबर १७, २०२५ (मिति २०८२/०६/३१)** **बहाल रहने अवधि : अक्टोबर १६, २०२६ (मिति २०८३/०६/३०)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ३४ (१) मा भएको व्यवस्था बमोजिम विशिष्टीकृत लगानी कोषको स्वामित्वमा रहेको शेयरको लकइन अवधि १ वर्षको हुनेछ ।**

**निष्काशन तथा बिक्री प्रबन्धक :**

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

आज मिति २०८२ चैत्र २३ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने ।